# केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयक

**प्रस्तावना**: केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **खारेजीः** केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ खारेज गरिएको छ।

३. **साविकको व्यवस्था जागेको मानिनेः** दफा २ बमोजिमको अध्यादेशले जगाएको देहायको ऐनको साविकको व्यवस्था सो अध्यादेश जारी भएको मिति २०७७ साल वैशाख १२ गते देखि नै जागेको मानिनेछ।

(क) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६

(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३।

जेठ ३२, २०७७ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधनविना पारित गरेको र असार ०८, २०७७ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनविना पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ (१) बमोजिम प्रमाणित गर्दछु।

(अग्निप्रसाद सापकोटा)
सभामुख
प्रतिनिधि सभा
मितिः २०७७/०३/१०

प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

(विद्यादेवी भण्डारी)
राष्ट्रपति
मितिः २०७७/०३/१५

संघीय संसद सचिवालय